## आयोगको आ.व २०७७।०७८ को दोस्रो प्रतिवेदनको सिफारिस

(१) समावेशी चरित्रको राष्ट्रिय सभामा आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित नगरिएकोले संविधान तथा सम्बन्धित कानूनको संसोधन गरी प्रतिनिधित्व सुनिश्चित गराउने ।

(२) व्यवस्थापिकामा सांसदको निर्वाचन तथा छनौट (कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय र राजदूतहरुको सिफारिस) मा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउन संविधानको संशोधन र कानूनको निर्माण गर्ने ।

(३) प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक उम्मेदवारको बन्द सूचीमा आदिवासी जनजाति प्रतिनिधि अनिवार्यताको साथै उम्मेदवारहरुको प्रथामिकताक्रम निर्धारणमा नै आदिवासी जनजाति जनसंख्या अनुपातको प्रतिनिधित्व सुनिश्चित हुने गरी प्रथामिकता क्रम निर्धारण गर्ने कानुनी प्रबन्ध मिलाउने ।

(४) संविधानको धारा २२२ र २२३ अनुसार गठन हुने गाउँसभा र नगरसभामा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न हरेक वडामा महिला सहित २ सदस्य आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्न र जिल्ला समन्वय समितिमा प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन गरी कानून निर्माण गर्नुपर्ने ।

(५) संविधानको धारा ३२ अनुसार मातृभाषामा शिक्षा, सरकारी कामकाजको माध्यम भाषा र सूचना प्राप्त गर्ने आदिवासी जनजातिको अधिकार कार्यान्वयन गरी आदिवासी जनजातिलाई मातृभाषाको हक दिलाउने ।

(६) संविधानको धारा ५६(६) ले व्यवस्था गरेको संघीय कानून बमोजिम आदिवासी जनजातिको सामाजिक सांस्कृतिक संरक्षण, विशेष संरक्षित, स्वायत्त क्षेत्र हालसम्म व्यवस्था नभएकोले यथासिघ्र कानून निर्माण गरी कार्यान्वयन गराउने ।

(७) आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा ७ मा व्यवस्था भएको आयोगको काम,कर्तव्य र अधिकार संवैधानिक नभई सरकारी निकायको जस्तो भएकोले अधिकार सम्पन्न गराउन आदिवासी जनजातिको अधिकार संरक्षणको लागि उजुरी लिने, अनुसन्धान गर्ने र सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने आयोगलाई अधिकार हुने गरी हालको कानूनमा भएको व्यवस्था संशोधन गर्ने ।

(८) आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा १८ अनुसार आयोगको संगठनात्मक संरचना आयोगले तयार तथा संशोधन गरे अनुसार हुने गरी आयोगको सहमतिमा विशिष्ट श्रेणीको कर्मचारी सरकारले पठाउने र अन्य कर्मचारी आवश्यकता अनुसार आयोग आफैले नियुक्त गर्ने गरी विद्यमान ऐन संशोधन गर्ने ।

(९) अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (आइ.एल.ओ.) नं १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, जैवीक विविधता सम्बन्धी महासन्धि लगायतले व्यवस्था गरेको आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानून र कार्य योजना निर्माण गर्ने ।

(१०) उदयपुर, धनकुटा, खोटाङ, सुनसरी र भोजपुरको सिमानामा अवस्थित किराँती समुदायको धार्मिक तथा साँस्कृतिक प्रतीक खुवालुङ लगायतका आदिवासी जनजातिका सांस्कृतिक सम्पदालाई अवरोध होइन विकाशको रुपमा लिई साँस्कृतिक, धार्मिक तथा पर्यटकीय विकास गर्न कानूनको निर्माण गर्ने ।

(११) पुस्तौं पुस्तादेखि अर्काको भनिएको ऐलानी जग्गामा वस्दै आएका र जग्गा धनीबाट विभिन्न प्रकारको यातना खेपिरहेका रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं २ मा अवस्थित दनुवारहरु जस्ता देश भरका भूमिहीन आदिवासी जनजाति समुदायलाई आवासको लागि भूमिको व्यवस्था गर्ने ।

(१२) उदयपुर जिल्लाको बेलका नगरपालिकाको कोशी टप्पुका आदिवासी जनजाति तथा स्थानीय समुदायले प्रयोग गर्दै आएको जग्गा सरकारले उनिहरुको मञ्जुरी विना व्यापारी संस्थालाई लामो समयको लागि भाडामा दिने निर्णयले आदिवासी जनजातिको "स्वतन्त्र,पूर्व सुसूचित र सहमतिको अधिकार" हनन् भएकोले सम्झौता रद्ध गरी समुदायको सहमति अनुसार गर्ने।

(१३) आदिवासी जनजातिको परम्परागत संस्था (गुथी, बडघर, भेजा आदि) लाई मान्यता नदिदा परम्परागत संस्थाको लोप भई आदिवासी जनजातिको पहिचान संकटमा परेकोले यी संस्थाको संरक्षण र प्रवद्र्धन गर्ने कानून बनाउने ।

(१४) घरेलु मदिरा जस्ता आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपबाट गरिएको उत्पदनलाई व्यवशायिक बनाई बजारिकरण गर्न सम्बन्धित कानूनको संसोधन र आवश्यक कानूनको तर्जुमा गर्ने ।

(१५) विकास र उद्योगको नाउमा आदिवासी जनजातिको ऐतिहासिक भूमिलाई स्वतन्त्र पूर्वसूचित सहमति बिना राज्यले लोकमार्ग, हाइड्रोपावर र सार्वजनिक भवन जस्ता पूर्वाधार निर्माण गरी आदिवासी जनजातिलाई विस्थापित गरेकोले यस्तो कार्यलाई तुरुन्तै रोकी उनीहरुको अधिकार सुनिश्चित गर्न आवश्यक कानून निर्माण गर्ने ।

(१६) राउटे, कुसुण्डा लगायत लोपोन्मुख आदिवासी जनजातिलाई निःशुल्क स्वास्थ्य, शिक्षा र रोजगारीको व्यवस्था सुनिश्चित गरी उनिहरुलाई संरक्षण गर्ने ।

(१७) आदिवासी जनजाति आयोगको पदाधिकारीको नियुक्ति, कार्यबाही र आवश्यक कार्य संवैधानिक परिषद्बाट हुने र परिषद्को अध्यक्ष प्रधानमन्त्रीं हुने संवैधानिक व्यवस्था भएकोले आयोग र सरकारको सम्पर्क कार्यालय प्रधानमन्त्रीको कार्यालयमा हुने व्यवस्था गर्ने ।

(१८) आदिवासी जनजाति सम्बन्धी अध्ययनको लागि विद्यालयदेखि विश्व विद्यालयसम्म पाठ्क्रम तयार गरी लागु गर्ने ।

(१९) विगतमा सवै तहका सरकारले कूल वजेटको ३५ प्रतिशत बजेट लक्षित समुदायलाई छुट्याउने व्यवस्था हाल कार्यन्वयनमा नभएको र उक्त वजेट लक्षित समुदायको उत्थानका लागि आवश्यक हुने भएकोले त्यसलाई निरन्तरता दिने ।

(२०) चाँड पर्वको विदा सवै समुदायलाई समान बनाउन आफ्नो आफ्नो पर्वमा मात्रै विदा दिने ।

(२१) आदिवासी जनजाति पहिचानको प्रमाणीकरण आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले मात्रै गर्न पाउने गरी आवश्यक व्यवस्था गर्ने ।

(२२) आदिवासी जनजाति पहिचान र संरक्षणको लागि केन्द्र, प्रदेश र स्थानीय तहमा संग्राहलयको व्यवस्था गर्ने ।